# लेखापरीक्षण प्रतिवेदन

# फलेवास नगरपालिका, पर्बत

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# फलेवास नगरपालिका, पर्बत

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/365

श्रीमान् नगरप्रमुखज्यू,

फलेवास नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय, पर्वत ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

"

( श्याम प्रसाद भण्डारी )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/365

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्रीमान नगरप्रमुख,

फलेवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

पर्वत ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस २०८१।०८२ आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. नगरपालिकालेअन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ नगरपालिकाको लेखापरीक्षणबाट रु. ४७ लाख ८२ हजार ८१२ बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १२ लाख ८२ हजार ८१२ फस्र्यौट भई पेश्की बाँकी रु. ३५ लाख बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१६ करोड ६२ लाख ४० हजार ८२९ मध्ये म्यानुअल रु १९ लाख ९४ हजार १४० तथा सम्परीक्षण वापत रु १० करोड ५० लाख ९८ हजार ५६५ गरी रु. १० करोड ७० लाख ९२ हजार ७०५ फस्र्यौट भई यस वर्ष सम्परीक्षण मर्फत थप रकम रु १ करोड १७ लाख ८१ हजार तथा यस वर्षको थप रु ३५ लाख समेत हालसम्म अद्यावधिक बेरुजू रु.७ करोड ४४ लाख २९ हजार १२४ बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १०५ | ६० | ४७,८२,८१२ | ३ | ५७ | १२,८२,८१२ | ० | १०२ | ३ | ३५,००,००० | ० | ० | ० | ० | ० | ० | ३५,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्वत | १६,६२,४०,८२९ | 0 | १०,७०,९२,७०५ | ५,९१,४८,१२४ | १,१७,८१,००० | ३५,००,००० | ७,४४,२९,१२४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८१/८२ | स्यानीटरी प्याडः | ० |
| २ | २०८१/८२ | सामाजिक सुरक्षा भत्ता कार्यक्रमतर्फः | ८,५२,९६० |
| ३ | २०८१/८२ | विद्यालय लेखापरीक्षण अनुदानः | ५०,००० |
| ४ | २०८१/८२ | वढी निकासाः | ५,००० |
| ५ | २०८१/८२ | पेश्की व्यवस्थापनः | १३,३०० |

| | | | |
|---|---|---|---|
| ६ | २०८१/८२ | निशुल्क पाठ्यपुस्तकः | १,०७,०४६ |
| ७ | २०८१/८२ | दिवा खाजा कार्यक्रमः | २६,९२७ |
| ८ | २०८१/८२ | ठेक्का नं. PM/W/NCB/01/081-82 Upgrading of Srikang Shiv Chowk Pangrang Ward Karyalaya सम्बन्धमाः | ० |
| ९ | २०८१/८२ | चालु खर्च परीक्षण : | २,१२,०७९ |
| १० | २०८१/८२ | कार्यक्रम खर्च परीक्षण : | १५,५०० |
| ११ | २०८१/८२ | आन्तरिक आयतर्फः | ० |
| | | जम्मा | १२,८२,८१२ |
| १२ | २०८०/८१ | सवारी साधन भाडाः | २,७४,८३० |
| १३ | २०८०/८१ | समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः | १७,१३,९७० |
| १४ | २०८०/८१ | शैक्षिक गुणस्तर एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः | ६०,००,००० |
| १५ | २०८०/८१ | शिर्षक फरक पारी खर्च गरेकोः | १६,२०,००० |
| १६ | २०८०/८१ | विद्यालय लेखापरीक्षण अनुदानः | ६,००,००० |
| १७ | २०८०/८१ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमः | ५,९५,००० |
| १८ | २०८०/८१ | बढी भुक्तानीः | १९,००० |
| १९ | २०८०/८१ | बढी भुक्तानीः | २,६१,८९३ |
| २० | २०८०/८१ | प्राविधिक धार संचालनमा रहेका विद्यालयलाई अनुदानः | ७,६५,००० |
| २१ | २०८०/८१ | प्रशासनिक भवन निर्माणः | ९,९४,६६५ |
| २२ | २०८०/८१ | प्रमाणित कच्चावारी बेगर खर्चः | ६,००० |
| २३ | २०८०/८१ | पेश्की फछ्र्यौटः | ३४,५०,००० |
| २४ | २०८०/८१ | पेश्की जमानत र फछ्र्यौटः | ७०,००,००० |
| २५ | २०८०/८१ | दूधमा ढुवानी अनुदानः | १३,७८,६५८ |
| २६ | २०८०/८१ | थप सामाजिक सुरक्षा भत्ताः | १०,७३,९०० |
| २७ | २०८०/८१ | ठेक्का नं. २०८०।८१-०५ (झकलक पानी ट्याङ्की सडक स्तरोन्नती) | १८,११,३९१ |
| २८ | २०८०/८१ | क्याम्पसलाई अनुदानः | १०,५५,००० |

| | | | |
|---|---|---|---|
| २९ | २०८०/८१ | कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण: | ४,११,६५५ |
| ३० | २०८०/८१ | कानुनी सल्लाहकारः | १,२०,००० |
| ३१ | २०८०/८१ | करार कर्मचारीको वचत बृद्धि कोषमा थप रकमः | ६,१३,३५१ |
| ३२ | २०८०/८१ | Days Works को भुक्तानीः | १,३८,६२८ |
| | | | २,९९,०२,९४१ |
| ३३ | २०७९/८० | स्पेशिफिकेशन प्रमाणित | २,५४,८१५ |
| ३४ | २०७९/८० | विमाको विल | १,००,००० |
| ३५ | २०७९/८० | विद्यालय भौतिक निर्माण | २५,००,००० |
| ३६ | २०७९/८० | पेश्की बाँकी | ६,५०,००० |
| ३७ | २०७९/८० | नगरपालिकाको स्वामित्वमा रहने संरचना उपभोक्ता समितिमार्फत गरिएको | ५,०४,२४६ |
| ३८ | २०७९/८० | धरौटी फिर्ता | ४,६९,४६१ |
| ३९ | २०७९/८० | थप सामाजिक सुरक्षा भत्ता | १०,३९,००० |
| ४० | २०७९/८० | तारजालीको खर्च पुष्ट्याई | १०,८६,३४६ |
| ४१ | २०७९/८० | तारजालीको खपत | ६,५५,४०० |
| ४२ | २०७९/८० | कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपूरण | २,२८,३४७ |
| ४३ | २०७९/८० | कृषि यन्त्र मिनिटिलर (हलो) खरिद | ३१,५०,००० |
| ४४ | २०७९/८० | करार कर्मचारीको वचत बृद्धि कोषमा थप रकम | ७,३८,१२४ |
| | | जम्मा | १,१३,७५,७३९ |
| ४५ | २०७८/७९ | संचार खर्च | १९,००० |
| ४६ | २०७८/७९ | शिर्षक फरक पारी खर्च | ४,८९,५१७ |
| ४७ | २०७८/७९ | शिर्षक फरक | ३,००,१९९ |
| ४८ | २०७८/७९ | राष्ट्रपति शैक्षिक सुधार | ७२,००,००० |
| ४९ | २०७८/७९ | राजनितिक दल सम्बद्ध स्स्थालाई सहायता | ५,८२,८३० |
| ५० | २०७८/७९ | फरक शीर्षकबाट खर्च | २६,७२,७९८ |

| | | | |
|---|---|---|---|
| ५१ | २०७८/७९ | प्रदेश समपुरक अनुदानः | ७६,८०,००० |
| ५२ | २०७८/७९ | पेश्की बाँकी | ३८,३६,१७५ |
| ५३ | २०७८/७९ | परामर्श सेवा | ४,९६,७०० |
| ५४ | २०७८/७९ | नमुना विद्यालय भौतीक पूर्वाधार अनुदान | १,००,००,००० |
| ५५ | २०७८/७९ | नमुना विद्यालय अनुदान | ६०,००,००० |
| ५६ | २०७८/७९ | गैर सरकारी संस्थालाई सहायता | ३,००,००० |
| ५७ | २०७८/७९ | आर्थिक सहायता | १०,००,००० |
| | | जम्मा | ४,०५,७७,२१९ |
| ५८ | २०७७/७८ | सोझै खरिद | ४५,८९,५१३ |
| ५९ | २०७७/७८ | प्रोभिजनल समको रकम भुक्तानी | १,१९,२६५ |
| ६० | २०७७/७८ | पेश्की बाँकी | १,८५,३३,८८८ |
| | | जम्मा | २,३२,४२,६६६ |
| ६१ | २०७६।०७७ | भवानी विद्यापिठको पेश्की फस्यौट | ४२२८८६ |
| ६२ | २०७६।०७७ | शिरसुवा झलुङ्गेपुल मोटरबाटो निर्माण उसबाट असूल | ४८७४ |
| ६३ | २०७६।०७७ | राहाले चन्दनटार टोल विकासबाट असूल | २२२७ |
| ६४ | २०७६।०७७ | पारिश्रमिक कर | २०७१६ |
| ६५ | २०७६।०७७ | माटेदेवल जनसहयोगी पेश्की फस्यौट | ११८०७१४ |
| ६६ | २०७५।०७६ | पेश्की फस्यौट | २१८० |
| ६७ | २०७५।०७६ | मू अ कर असुल | १३६५३ |
| ६८ | २०७५।०७६ | मू अ कर असूल | १३८९० |
| ६९ | २०७३।०७४ | पेश्की फस्यौट | ११३००० |
| ७० | २०७३।०७४ | पेश्की फस्यौट | ५०००० |
| ७१ | २०७३।०७४ | पेश्की फस्यौट | १७०००० |
| | | जम्मा | १९,९४,१४० |

| | |
|---|---|
| जम्मा | १०,८३,७५,५१७ |

# फलेवास नगरपालिका, पर्वत

# ( ८०४४२४०२३०० )

# फलेबास नगरपालिका , पर्वत

## परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ८५.७ वर्ग किलोमिटर २०४६८ जनसंख्या तथा २३९ जनघनत्व रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।१३ देखि २०८२।१०।१९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबारतर्फको गरी जम्मा रु. १ अर्व ७५ करोड ५४ लाख १२ हजार ०४८ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२३९९१५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | दिवा खाजामा वढी निकासा फिर्ता भएको । | २९६५६ |
| २ | निशुल्क पाठ्यपुस्तकमा वढी निकासा फिर्ता भएको । | १३५६६४ |
| 3 | कृषि तालिम कार्यक्रमको प्रशिक्षण खर्च | २७२० |
| ४ | विभिन्न जनप्रतिनिधिहरुको भत्ता | ७१८७५ |
| | | २३९९१५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरण र अभिलेखः**

२.१ **वित्तीय प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट मिति २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ भने सुत्रानुसारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन अनुसुचीमा राखिएको छ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| **सुरु मौज्दात** | | ४५७२००९०.७९ | **चालु खर्च** | | ४५९६४४७७१.४६ |
| १.संचित कोष | ३१५५११२३.२१ | | १. पालिका तर्फ | १३९२८८५२४.६३ | |
| २.धरौटी | ८६७३३२८.४१ | | २. संघीय सशर्त | ३२०३५६२४६.८३ | |
| ३.कार्यसञ्चालन कोष (विविध खर्च) | ३०८०५८६.९७ | | ३. संघीय विशेष | | |
| ४. अन्य कोष (विविध कोष) | २४१५०५२.२ | | ४. प्रदेश सशर्त | | |
| **यस वर्षको आय** | | ८७६४५४५७५.८८ | ५. प्रदेश विशेष | | |
| **१.आन्तरिक आय** | ९५६६८६१.१३ | | **पुँजीगत खर्च** | | १५०१२९९९८.८८ |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | ५९८२९०२६२.५१ | | **१. पालिका तर्फ** | ६९४७७९७८.८८ | |
| क) समानीकरण अनुदान | ८९७४१२८०. | | **२. संघीय सशर्त** | ६८५७७५२०. | |
| ख) राजस्व बाँडफाँट | ८४२६१६५७.६ | | **३. संघीय विशेष** | | |
| ग) सशर्त अनुदान | ४२३६०५४००. | | ४. संघीय समपुरक | ४६३९५००. | |
| घ) समपुरक अनुदान | ४६३९५००. | | ५. प्रदेश सशर्त | | |
| ङ) विशेष अनुदान | | | ६. प्रदेश विशेष | २३३३५००. | |
| च) रोयल्टी | १४२१९.८५ | | ७. प्रदेश समपुरक | ५१०१५००. | |
| छ) अन्य | | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | २१२९१४४७५.३३ |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | २६५८६७२८.७४ | | क) सामाजिक सुरक्षा | १६५२७४१४७.३३ | |
| क) समानीकरण अनुदान | १२८००००० | | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२७६२०७. | |
| ख) राजस्व बाँडफाँट | ८०८८६४९.८६ | | ग) विद्यालय शिक्षा क्षेत्र सुधार | ६७२०००. | |
| ग) सशर्त अनुदान | | | एकीकृत स्वास्थ्य पूर्वाधार बिकास | ३०१९२१२१. | |
| घ) समपुरक अनुदान | ५१०१५००. | | **स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास** | १३५००००० | |
| ङ) विशेष अनुदान | २३३३५००. | | **ऋणको ब्याज भुक्तानी** | | |
| च) रोयल्टी | | | **धरौटी फिर्ता तथा सदर स्याहा** | ४६२२८१८.४१ | ४६२२८१८.४१ |
| छ) अन्य | | | **विविध खर्च** | ७०९७०५५. | ७०९७०५५. |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | २१२९१४४७५.३३ | | **विविध कोष** | ९८७६७२१. | ९८७६७२१. |
| क) सामाजिक सुरक्षा | १६५२७४१४७.३३ | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३२७६२०७. | | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| ग) विद्यालय शिक्षा क्षेत्र योजना | ६७२०००. | | **अन्य खर्च भएमा** | | |
| ङ) स्थानीय तह प्रशासनिक भवन | १३५००००0. | | | | |
| घ) एकीकृत स्वास्थ्य पूर्वाधार बिकास | ३०१९२१२१. | | | | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | **अनुदान फिर्ता** | | ३४६७१६३३.१७ |
| **६. ऋण/ वित्तीय व्यवस्था** | | | १. संघ तर्फ | | |
| **७. धरौटी आय** | ६०४६६५७.७२ | | क) सशर्त अनुदान | ३४६७१६३३.१७ | |
| **८. बिविध खर्च** | ६२१९४२८.३३ | | ख) विशेष अनुदान | | |
| **९. विविध कोष** | १११२१४४६. | | ग) समपुरक अनुदान | | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | | **२. प्रदेश तर्फ** | | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | | क) सशर्त अनुदान | | |
| | | | ख) विशेष अनुदान | | |
| | | | ग) समपुरक अनुदान | | |
| | | | **अन्तिम मौज्दात** | | ४३२१७१९३.४२ |
| | | | १. संचित कोषको मौज्दात | २७२५७२८८.२ | |
| | | | २. धरौटी | १००९७१६७.७२ | |
| | | | ३. विविध खर्च | २२०२९६०.३ | |
| | | | ४. विविध कोष | ३६५९७७७.२ | |
| **जम्मा** | | ९२२१७४६६६.६७ | **जम्मा** | | ९२२१७४६६६.६७ |

स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, सञ्चित कोषबाट भएको खर्च तथा खर्च नभइ बाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७० ले समेत आय व्ययको यथार्थ चित्रण गर्नुपर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको देखिएन।

एकीकृत आर्थिक संकेत वर्गीकरण तथा व्याख्या, २०७४ अनुसार चालू र पूँजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा व्याख्या अनुसार बजेट तयार तथा कार्यान्वयन गर्नुपर्दछ। अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था देखिदैन।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ।

| क्र.सं. | बजेटको स्रोत/ तह | बजेट उपशीर्षक | बजेट | खर्च |
|---|---|---|---|---|
| अन्तरसरकारी अख्तियारी | | | | |
| १ | नेपाल सरकार | सामाजिक सुरक्षा तथा संरक्षण | १६,५२,८९,०००.०० | १६,५२,७४,१४७.३३ |
| २ | नेपाल सरकार | विद्यालय शिक्षा क्षेत्र योजना - (प्रदेश तथा स्थानीय तहका लागि) | ९,३८,०००.०० | ६,७२,०००.०० |
| ३ | नेपाल सरकार | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १,३५,००,०००.०० | १,३५,००,०००.०० |
| ४ | नेपाल सरकार | स्वास्थ्य सुधार कार्यक्रम | २३,१०,०००.०० | २२,९५,०००.०० |
| ५ | नेपाल सरकार | स्वास्थ्य सुधार कार्यक्रम | १२,५७,०००.०० | ९,८१,२०७.०० |
| ६ | नेपाल सरकार | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३,०५,०५,०००.०० | ३,०१,९२,१२१.०० |
| **जम्मा** | | | **२१,३७,९९,०००.००** | **२१,२९,१४,४७५.३३** |

पालिकाले ज्येष्ठ नागरिक सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रु.१६५२८९०००.० प्राप्त गरी रु.१६५२७४१४७.० तथा स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३२७६२०७.० लगायत ६ शीर्षक सहित जम्मा रु.२१२९१४४७५.० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको आर्थिक अवस्था यथार्थपरक बनाउनुपर्दछ। पालिकाले जनाए अनुसार अन्तरसरकारी अख्तियारीको खर्च IPFMS मा खर्च लेखेको तर SUTRA प्रणालीमा आबद्ध गर्न नसकेको अवस्था छ।

## ३ वित्तीय विवरण परीक्षणः

३.१ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोवार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोवार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी बराबर, यस वर्षको प्राप्ति रु.५०२४२३५४१.०, यस वर्षको भुक्तानी रु.६३८६५००१४.० र बैङ्क मौज्दात बराबर रहेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोवारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी रु | यसवर्षको प्राप्ति रु | यसवर्षको भुक्तानी रु | बैङ्क मौज्दात रु |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा न २७०) | ४५७२००९१ | ३६८२६०६९० | २३३२४६४५९ | ४३२१७१९३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४५७२००९१ | ८७०६८४२३१ | ८७१८९६४७३ | ४३२१७१९३ |
| | ० | ५०२४२३५४१ | ६३८६५००१४ | ० |

३.२ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोवारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको प्रतिवेदन अनुसार रु.४५७२००९१ मौज्दात रहेकोमा यो वर्ष रु.४५७२००९१.० जिम्मेवारी सारेको छ। जस अनुसार प्रतिवेदनमा उल्लेख भए अनुसार जिम्मेवारी सारेको सो कार्यलाई निरन्तरता दिनुपर्दछ।

३.३ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले स्रेस्तानुसारको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ:

| क्र.सं. | खाताकोनाम | स्रेस्ताअनुसारमौज्दात | बैंकस्टेटमेन्ट अनुसार बाँकी | फरक | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्थानीय तहसंचित कोष खाता | २७२५७२८८.२ | २७२५७२८८.२ | ० | |
| २ | विविध खर्चखाता | २२०२९६०.३ | २२०२९६०.३ | ० | |
| ३ | विविध कोषखाता | ३६५९७७७.२ | ३६५९७७७.२ | ० | |
| ४ | धरौटी खाता | १००९७१६७.७२ | १००९७१६७.७२ | ० | |
| **जम्मा** | | **४३२१७१९३.४२** | **४३२१७१९३.४२** | **०** | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक नदेखिएकाले समयमा नै हिसाब मिलान गर्ने कार्यलाई निरन्तरता दिनुपर्दछ।

४ **त्रैमासिक पूँजीगत खर्चको अवस्थाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| १ | पूँजीगत | १४९३६१३३७.९ | १२३८६३२ | २४३३७६३९ | ५००२४५५७ | ७३७६०५०९.८८ | ५६१७०४८९.८ |
| | प्रतिशत | | ०.६५ | १२.९६ | २६.६५ | ३९.२९ | २९.९२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च भएको कुल रकममध्ये प्रथम त्रैमासिकमा ०.६५ प्रतिशत, दोश्रो त्रैमासिकमा १२.९६ प्रतिशत, तेश्रो त्रैमासिकमा २६.६५ प्रतिशत र चौथो त्रैमासिकमा ३९.२९ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र २९.९२ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा ०.६५ खर्च भएको देखियो। यो रकममा गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ। असार महिनामा मात्र २९.९२ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन। खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

५ **बजेट तथा कार्यक्रमः**

५.१ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

५.२

**बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपप्रमुख श्री शोभा कुमारी खत्री ले मिति २०८२।०३।०९ मा ७१ करोड २८ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा ७१ करोड २८ लाख ८० हजारको बजेट मिति २०८१।०३।०९ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ।

५.३ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्था अनुसार पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजनालाई पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

५.४ **योजनाको प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो वातावरण संरक्षण एवम् भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ११ वडाको लागि ६२ वडागत, शहरी शासकीय कार्यक्रम ७२, प्रधानमन्त्री रोजगार ११ र ३७ पालिकास्तरका कुल १८२ योजनामा बजेट विनियोजन गरेको छ।

| **क्रसं** | **कार्यक्रमकोनाम** | **योजनासंख्या** | **रु २०लाखमाथिका योजना संख्या** | **रु ५लाखदेखि २० लाखसम्मका योजना सङ्ख्या** | **५लाखभन्दा कमका योजना संङ्ख्या** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरीययोजना | ३७ | ५ | ४ | २८ | |
| २ | वडास्तरीययोजना | ६२ | ० | २ | ६० | |
| ३ | शहरीशासकीय कार्यक्रम | ७२ | ० | ३७ | ३५ | |
| ४ | प्रधानमन्त्रीरोजगार | ११ | ० | १ | १० | |
| | **जम्मा** | **१८२** | **५** | **४४** | **१३३** | |

उपर्युक्त विवरणअनुसार पालिकाले १३३ साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लिखित योजना मध्ये १७५ योजनामात्र कार्यान्वयन भई ७ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५.५ **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा बजेट नराखी आय-व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष आकस्मिक मर्मत कोषमा रु.१५,००,०००.० अबण्डा बजेट व्यवस्था गरी ११ वटा वडा र विपद ब्यवस्थापनका योजनामा रु.१३,९९,५६३.० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ। बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ। पालिकाको छलफलको क्रममा जटिल भूगोल भएको हुँदा बाटो सफा गर्नुपर्ने स-साना विपद्जन्य क्रियाकलाप गर्नुपर्ने भएकोले केही रकम अबण्डा राख्नु परेको जनाएको छ।

५.६ **क्षेत्रगत कार्यक्रम तथा खर्च विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ।

| मुख्य क्षेत्र | कुल बजेट | खर्च रकम | कुल खर्चमध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४२०२१००० | २६६१६३८० | ४.३६ |
| सामाजिक विकास | ३८८१४८७०० | ३४५८३५७८४ | ५६.७२ |
| पूर्वाधार विकास | १५९६२३६०० | १३२९८३२७६ | २१.८१ |
| सुशासन तथा संस्थागत विकास | २२२३२७०० | १७३०३४५५ | २.८४ |
| कार्यलय सञ्चालन तथा प्रशासनिक | १००८५४००० | ८७०३४८६३ | १४.२७ |
| जम्मा | ७१२८००००० | ६०९७७३७५७ | १०० |

माथि उल्लिखित तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६.७२ प्रतिशत र सुशासन तथा संस्थागत विकासमा सबैभन्दा न्यून २.८४ प्रतिशत खर्च भएको देखिन्छ। आर्थिक विकास क्षेत्रमा ४.३८ प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा २१.८१ प्रतिशत खर्च भएको र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १४.२७ प्रतिशत देखिन्छ। पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ। पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन। पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

५.७ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयबाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूँजीगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ मा कार्यपालिका तथा सभाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न ६४ शीर्षकबाट ४ करोड २४ लाख ९४ हजार ३९५ घटाएको तथा ७७ शीर्षकबाट ४ करोड ९४ लाख ९४ हजार ३९५ बजेट थप गरिएको देखिन्छ।पालिकाले जनाए अनुसार कार्यपालिकाबाट रकमान्तर गरेको पाईदैन सभाबाट बजेट रकमान्तर तथा श्रोतान्तर गरिएको अङ्क सुरुवाती बजेटको तुलनामा १३% हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकिएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुँदा बजेट बनाउदा नै कार्यन्वयनयोग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर तथा स्रोतान्तर गर्नुपर्दछ।

## ६ खर्च विश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.८१,९७,६२१.०, अ.ल्या. रु.३,१५,५१,१२३.०, राजस्व बाँडफाँट रु. ९,२३,५०,३०८.० र अनुदानतर्फ प्रदेशबाट रु. २,०२,३५,०००.० तथा संघबाट रु. ४८,३३,१४,५४७.० समेत रु. ६३,५६,४८,५९८.० आम्दानी भएकोमा चालुतर्फ रु. ४५,९६,४४,७७२.० र पूँजीगततर्फ रु. १५,०१,२९,९९९.० समेत रु. ६०,९७,७४,७७०.० खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १.३४ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु.१३२१५३६२.० खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७ प्रतिशत चालु र २३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

७ **गतवर्षको भुक्तानी बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.२८५०४४४.० भुक्तानी दिएको छ। यो अनुदान क्याम्पस सञ्चालन पुस्तकालय चालु तथा पूँजीगत प्रकृतिका ११ शीर्षकमा प्रमाणित गरी कच्चाबारी बनाएको पाईन्छ। तसर्थ यस्तो खर्च न्युन गर्न बजेट निर्माण यर्थापरक बनाउनु पर्दछ।

८ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले विपद् राहत तथा उद्धार कार्यविधि, २०७५ लाई आधार मानी विभिन्न २८ संघसंस्थालाई रु.७४१९१०.० र ९० व्यक्तिहरुलाई रु.७५०७४१.० सहित रु.१५५४०००.० आर्थिक सहायता वितरण गरेको छ। सहायता विभिन्न पाटी क्लब संघ संगठन तथा विपन्न दीर्घरोगी, काजक्रिया, दुर्घटना, विपद् व्यवस्थापनमा खर्च गरेको पाईन्छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ८१९७६२१.० को १९ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड बनाएर आर्थिक सहायता वितरण गरेता पनि यस्ता प्रकृयाका क्रियाकलाप नियन्त्रण गर्नुपर्दछ।

९ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तर्जुमा गरेको छ। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली दिन प्रतिदिन सुधार हुदै गएको छ। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत १२२ जना कर्मचारीको कार्य विवरण बनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन।
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।
- पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन।
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक पुर्ण रुपमा गरेको पाईएन।
- सम्पत्ति, व्यवसाय तथा बहाल कर लगायत करारीय राजस्व र प्रदेश सरकारले तोकेका करको प्रशासकीय र नियमन क्षमता सुधार गर्नुपर्ने देखिएको।
- सहकारी ऐनको व्यवस्था बमोजिम पालिकाको कार्यक्षेत्रमा पर्ने सहकारी संस्थाहरुको अनुगमन प्रयाप्त नभएको।
- सरकारी तथा सार्वजनिक जग्गामा नक्सा पास बिना भवन/संरचना निर्माण गर्ने योजना स्वीकृति र कार्यान्वियन हुने गरेको।
- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्बीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।
- संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिनाको अन्तिममा दाखिला गर्ने गरेको पाइयो।
- वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।
- फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी र विश्वसनीय बनाई वित्तीय प्रतिवेदनको शुद्धता कायम गर्दै विषयगत कार्यसम्पादन क्षमताका साथै संस्थागत सुधारका पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

**१० स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा श्रोत नक्साङ्कन ०७५।०७६मा तयार गरेको तथा हाल अध्यावधिक नभएको देखिन्छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

**११ खरिद तथा ठेक्का अभिलेखः**

११.१ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थितिः** सार्वजनिक निकायले हरेक योजनाको म.ले.प. बाट स्वीकृत फारमका आधारमा अभिलेख व्यवस्थित गरी राख्नुपर्दछ । कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका केही योजनाहरु गत विगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन । एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अवस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेट मार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकिन गरी अभिलेख व्यवस्थापन गर्नुपर्दछ । कार्यालयले यस वर्ष निर्माण कार्यको मलेपफान ५०१ देखि ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन । निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

११.२ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । पालिकाले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ ।

**१२ कानून निर्माण एवम् कार्यान्वयनः**

१२.१ **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | १३ |
| २ | नियमावली | ८ |
| ३ | कार्यविधि तथा निर्देशिका | २४ |
| ४ | अन्य | ६ |
| **जम्मा** | | **५१** |

पालिकाले आर्थिक वर्ष २०८१।८२ सम्म १३ ऐन, ८ नियमावली, २४ कार्यविधि तथा निर्देशिका र ६ वटा मापदण्ड गरी जम्मा ५१ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। ४५ डिजिटल राजपत्रमा प्रकाशन गरेको पाईयो। ६ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकूल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानूनसँग अनुकूल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ।

१२.२ **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। यसैगरी ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरी ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले अनुमति दिन सक्ने तथा ऐनको दफा ३७ मा नगर प्रमुख सँग उजुरी दिन सक्ने प्रकृति अनुसार यथाशीघ्र निर्देशन व्यवस्था रहेको छ।

| निर्णयकर्ता | गत वर्षसम्मका विवाद | बाँकी विवाद | यस वर्ष दर्ता भएको | जम्मा | यसवर्ष फछ्र्यौट भएका विवाद | यसवर्षको फछ्र्यौट हुन बाँकी विवाद |
|---|---|---|---|---|---|---|
| न्यायिक समिति | ४७ | ९ | ८ | १७ | ११ | ६ |

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारबाही भएको देखियो। त्यसैले न्यायसम्पादन प्रक्रियालाई अभिलेख व्यवस्थित गरी छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ।

## १३ योजना तथा बजेट कार्यान्वयनः

यसवर्ष पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभान्वित हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन।

## १४ पेश्की व्यवस्थापनः

१४.१ **पेश्की व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ७

कार्यक्रममा विभिन्न निकाय तथा व्यक्ति तथा संस्थालाई रु.३५०००००.० पेश्की दिएको छ। म्याद नाघेको तथा ननाघेको पेश्कीको हिसाब आर्थिक वर्षको अन्तसम्म अभिलेख व्यवस्थित गरी फस्र्यौट गर्नुपर्दछ।

| **मिति** | **पेश्की लिनेको नाम** | **बापत** | **पेश्की रकम** | **म्याद नाघेको/ ननाघेको** | |
|---|---|---|---|---|---|
| | | | | **नाघेको** | **ननाघेको** |
| २०८२।३।२५ | माटेदेवल जनसहयोगी (प्रा.तथा व्या)माध्यमिक विद्यालय | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवंकार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३०००००० | | ननाघेको |
| २०८२।३।२५ | श्री त्रिभुवन माध्यमिक विद्यालय | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवंकार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १००००० | | ननाघेको |
| २०८२।३।२५ | श्री शिशु निकेतन सामुदायिक आधारभूतविद्यालय | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवंकार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ५०००० | | ननाघेको |
| २०८२।३।२५ | श्री त्रिभुवन माध्यमिक विद्यालय | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारीक तथावैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता रनिरन्तर शिक्षाका कार्यक्रम) | २००००० | | ननाघेको |
| २०८२।३।२५ | श्री शिशु निकेतन सामुदायिक आधारभूतविद्यालय | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारीक तथावैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता रनिरन्तर शिक्षाका कार्यक्रम) | १५०००० | | ननाघेको |
| **जम्मा** | | | ३५००००० | | ३५००००० |

..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१३,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ० |

१४.२ **वर्षान्तको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ। पालिकाले सङ्घीय सशर्तबाट आर्थिक वर्षको अन्त्यमा विद्यालयहरुलाई २०८२।०३।२५ गते रु ३५००००० पेश्की दिएको देखियो। उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन। तसर्थ वर्षान्तमा पेश्की दिने परिपाटी अन्त्य गर्नुपर्दछ।

| | |
|---|---|
| पेश्की | ३५,००,००० |

१४.३ **गत विगत आ.व को पेश्की फर्छयौट नगरेकोः** यस पालिका, कार्यपालिकाको कार्यालयमा गत विगत आ.व मा विभिन्न फर्म तथा कर्मचारीहरुलाई पेश्की दिईएकोमा हालसम्म पनि फर्छयौट नभएको देखिन्छ। आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ को नियम ४७ को उपनियम ४ र ५ मा पेश्की फर्छयौट सम्बन्धी व्यवस्थामा १५ भित्र पेश्की फर्छयौट गर्नुपर्ने र सोको जानाकारी पेश्की लिनेलाई ७ दिनभित्र दिनुपर्ने व्यवस्था छ तर यसरी गत विगत आ.व को पेश्की हालसम्म पनि फर्छयौट नगरेको पेश्की रकम नियमानुसार फर्छयौट गर्नुपर्दछ। पेश्की लिने र दिने दुबैलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ।

१५ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार २५ जनामा केरा पकेट विकास कार्यक्रम २६९ जनामा यान्त्रीकरण कार्यक्रम रु.५८००००.० र ८०० जनालाई खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा रु.१२०२५०.० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति समेत तय गरेको छैन।

| **क्रम** | **अनुदानको किसिम** | **व्यक्ती संख्या** | **रकम रु हजारमा** |
|---|---|---|---|
| १ | केरा पकेट विकास कार्यक्रम | २५ जना | १२० |
| २ | यान्त्रिकरण कार्यक्रम मिनीटिलर | १८४ जना | ४५० |
| ३ | यान्त्रिकरण कार्यक्रम कुटानी पिसानी मिल | ८५ | १३० |
| ४. | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | ८०० | १२०.२५ |
| | **जम्मा** | १०९४ | ८२०.२५ |

तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

१६ **विज्ञापन प्रकाशन तथा प्रसारण कार्यः**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ। साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष नगरपालिका चालूतर्फ ९ लाख रुपैंया बजेट व्यवस्थापन गरी ९ लाख रुपैंया नै खर्च गरेको देखियो। उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन। साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.२७०००.० बोर्डको कोषमा जम्मा हुने अवस्था देखिएन। पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ। साथै गोरखापत्रले वार्षिक रुपमा सरकारी निकायबाट प्रकाशन हुने विज्ञापनमा २५ देखि ४० प्रतिशत सम्म छुट दिने व्यवस्था गरे बमोजिम अन्य सरकारी निकायले उक्त छुट प्राप्त गरेको छ भने पालिकाले अन्य मार्फतबाट २५ प्रतिशत छुट प्राप्त गरेपनि पत्राकार महासंघबाट प्राप्त गरेको देखिदैन। कानून बमोजिम सुचना प्रकाशन गर्दा विज्ञापन बोर्डबाट गराई मितव्ययी खर्च प्रणाली अवलम्वन गर्नुपर्दछ।

१७ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। जिल्ला सदरमुकाम बाट नजिकको पालिका भएको हुँदा मानवीय घनत्व पनि बढी नै हुन्छ। कार्कीनेटा देवीस्थान खानीगाँउ मुडकुवाँ कमलेबजार थापाखाना शंकरपोखरी जस्ता बजार केन्द्रहरु विस्तार हुने क्रममा रहेका छन्। यस कार्यलाई अघि बढाउन पालिकाले पहल गरेको देखिदैन। कार्यविधि बनाईएको छैन ।फोहरको वर्गिकरण पनि छैन तथा ल्याडफिल्ड साईड पनि तोकिएको छैन। फोहोरमैलाको उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी पर्याप्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१८ **संगठन तथा कर्मचारी व्यवस्थापनः**

१८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा कार्यालय वडा स्वास्थ्य कृषि/पशु सहित १२२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ९१ जना स्थायी पदपूर्ती भएको देखिन्छ।

| पद | दरबन्दी | | | | पदपूर्ती | रिक्त | करार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यालय | वडा तर्फ | स्वास्थ्य | कृषि/ पशु | | | | |
| प्रमुख प्रशासकीय अधिकृत | १ | | | | १ | | | |
| अधिकृत ९औ/ १०औ | २ | | | | १ | १ | | इन्जिनियरिङ/ शिक्षा |
| अधिकृत ७औ/ ८औ | ५ | | १ | २ | ५ | ३ | | आलेप छैटौं द्वारा पूर्ती |
| अधिकृत छैठौं | २ | | | | २ | | १ अस्थायी | |
| सहायक चौथो/ पाँचौ | १८ | २२ | ५५ | १० | ८२ | २३ | | |
| श्रेणिविहिन | | | ४ | | | ४ | १ अस्थायी | |
| **जम्मा** | **२८** | **२२** | **६०** | **१२** | **९१** | **३१** | | |

लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका, सव इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित ३१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१८.२ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. ३६५२३५००.० भुक्तानी गरेको पाइयो। तसर्थ आन्तरिक आयलाई आधार मानी कर्मचारी नियुक्त गर्ने र यस्ता कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

| पद | नियुक्ति संख्या | तलब भत्ता रु. | तलब स्रोत |
|---|---|---|---|
| अधिकृत | ५ | २८२७५००.० | सशर्त र पालिकाको आन्तरिक स्रोत |
| सहायक | ४९ | २१०२१०००.० | |
| श्रेणीविहिन | ३९ | १२६७५०००.० | |
| **जम्मा** | **९३** | **३६५२३५००.०** | |

१८.३ **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। गण्डकी प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को दफा ७४ को उपदफा ४ बमोजिम तलबी प्रतिवेदन प्रदेश लेखा इकाईबाट पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले कार्यपालिकाबाट आलेपको सहायताले तलबी प्रतिवेदन पारित गरेको पाइयो। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६० स्वास्थ्यकर्मी तथा कर्मचारीको रु.२८७१८९११.० र पालिकाका ५० कर्मचारीको रु.२९७८६५१०.० समेत रु.५८५०५४२१.० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न

पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

१८.४ **कर्मचारी कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आन्तरिक श्रोत तथा राजश्व बाडँफाटबाट कर्मचारी अवकास कोषमा रु.८०४०००.० ट्रान्सफर गरेको छ। त्यस्तै गरी करार कर्मचारीको लागि कर्मचारी कल्याण कोषमा रु.११७०९१२.० मा आधा थप गरी सञ्चालन गरेको पाईन्छ। अनौपचारिक क्षेत्रमा श्रमिक कल्याणकारी कोषमा नागरिक पेन्सन योजना रु.८१८७०००.० जम्मा भएको छ। तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट ऐन कानूनको व्यवस्था भएको छ।यस्ता व्यवस्था गर्दा पालिकाको आन्तरिक आयलाई ध्यान दिनु पर्दछ।

१८.५ **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानून तथा कार्यविधि नबनाई कार्यपालिका र सभाको निर्णय गरी ४७ जनालाई रु.८६३७७२.० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानून बमोजिम खर्च लेख्नुपर्दछ।

१९ **बेरुजुको लगतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ।

| असुल गर्नुपर्ने बेरूजु | नियमित गर्नुपर्ने बेरुजु | सम्परीक्षणबाट कायम भएको | पेश्की बेरुजु | जम्मा बेरूजु |
|---|---|---|---|---|
| १०७३३९४३ | १०२२१२६६९.३ | ९३८४ | ५३२८४८३३ | १६६२४०८२९ |

पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिन्छ। पालिकाले बेरुजु सम्परीक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

२० **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्यसूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि पेश भएन। आंशिकरुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

| १ | पञ्जिकरणतर्फ | जम्मा | २ | पूर्वाधार विकास सडक निर्माण | जम्मा |
|---|---|---|---|---|---|
| क | जन्मदर्ता | ८०९ | क | ग्याविन कार्य निर्माण | १४५० मि |
| ख | मृत्युदर्ता | ३१८ | ख | शौचालय मर्मत | ३ |
| ग | बसाईसराई दर्ता | १६७ | ग | सिचाई कुलो | २५३७ मि |
| घ | विवाह दर्ता | २९२ | घ | विद्यालय | १ |
| ङ | सम्बन्धविच्छेद दर्ता | २८ | ३ | कालो पत्रे सडक निर्माण | २०५८ मि |

२१ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकामा आन्तरिक लेखापरिक्षक र शाखाको व्यवस्था गरेको पाईयो। आन्तरिक लेखापरीक्षकले त्रैमासीक प्रतिवेदन दिनु पर्नेमा सो गरेको पाईएन। वार्षिक लेखापरीक्षण प्रतिवेदनमा बेरुजु वर्गिकरण अनुसार परीक्षण गरी प्रमुख प्रशासकीय अधिकृतलाई बुझाएको पाईयो। सीमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सबै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिति छैन। कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ। यस्तो अवस्थामा फलेवास नगरपालिकाले आन्तरिक लेखापरीक्षण गराउने कार्य उपयुक्त रहेको छ। अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली पनि आधार लिएको छ। आन्तरिक लेखापरीक्षणलाई अझ कार्यदक्षता र व्यवस्थित गर्नुपर्दछ।

२२ **सामुदायिक वनको आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको बिक्री बापतको प्राप्त हुने रकमको १० प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भए अनुसार पालिकामा रहेको १८२८.३४ हेक्टरमा ८३ वटा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

२३ **सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमनः**

२३.१ **सहकारी संस्थाको अनुगमनः** नगरपालिका सहकारी ऐन, २०७५ को परिच्छेद १७ दफा ७१ र ७२ अनुसार पालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ। पालिकामा ४१ सहकारी सञ्चालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन। त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको बचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

२३.२ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ र फलेवास नगरपालिका सहकारी ऐन, २०७५ को दफा ७४ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट १७ वटाले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा १५ वटा मात्र पेश भएको थियो। जसले गर्दा

सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

| क्र.स. | सहकारी | दर्ता भएका | कोपोमिसमा आवद्ध | बा.ले.प. पेश |
|---|---|---|---|---|
| १. | बचत तथा ऋण सहकारी | ७ | ३ | ३ |
| २. | कृषि सहकारी | १७ | ७ | ८ |
| ३. | उपभोक्ता सहकारी | २ | १ | - |
| ४. | दुग्ध सहकारी | ३ | २ | २ |
| ५. | बहुउद्देश्यीय | ७ | २ | २ |
| ६. | बहुमुखी सहकारी संस्था लि/ अन्य | ५ | - | - |
| | **जम्मा** | **४१** | **१७** | **१५** |

२३.३ **वार्षिक प्रतिवेदन:** नगरपालिकाले सहकारी ऐन, २०७५ दफा ७४ मा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण गरी वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस फलेवास नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सहकारी संस्थाको शेयरपूँजी, बचत, ऋण लगानी, कुल सम्पत्तीको विवरण देहाय बमोजिम रहेको छ।

| सहकारी संस्थाको किसिम | सहकारी संस्था | शेयर सदस्य संख्या | शेयर पूँजी रु. | बचत रु. | ऋण लगानी रु. | कुल सम्पति रु. |
|---|---|---|---|---|---|---|
| बचत तथा ऋण सहकारी संस्था लि. | ७ | १२८८ | ७५४०२०० | १००७४५७९.८६ | १७२५५९१० | २४६१३६२२.४९ |
| बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ | ९१० | ७८९२००० | ३९८५४२७१ | ४००३२८०३ | ५६६३०४३२.६४ |
| कृषि सहकारी संस्था लि. | १७ | १७२८ | ८५३६६०० | १४१२५८५६.१८ | २९०६१७२६ | ४३३९२९२४.५४ |
| उपभोक्ता सहकारी संस्था लि. | २ | ४० | २५०० | - | - | - |
| बहुमुखी सहकारी संस्था लि. (दुग्ध+कफि लगायत) | ८ | ३९२ | ६४३५०० | २१४२६८९ | २५७८७९५ | १९११८३१५.२१ |
| जम्मा | ४१ | ४३५८ | २४५१४८०० | ६६५९७३९६.०४ | ४४८९२९२३४ | १४३७५५२९४.८८ |

आर्थिक वर्ष २०८१।८२ सम्म जम्मा ४१ वटा सहकारी संस्था मध्ये १७ सहकारी संस्थाको विवरण प्राप्त भएको छ। ४१ वटा सहकारी संस्थामा ४३५८ जना शेयर सदस्य रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु.२४५१४८००.०, बचत रु. ६६५९७३९६.०४ रहेको छ भने ऋण लगानी रु.४४८९२९२३४.० र कुल सम्पत्ति रु.१४३७५५२९४.८८ रहेको छ। सम्पुर्ण निकायको विवरण प्राप्त नहुदाँ पुर्ण रुपमा विश्लेषण गर्न सकिएन। नगरपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका सबै सहकारीबाट नियमित रुपमा वित्तीय विवरण माग गर्ने अनुगमन गर्ने कार्य गरी प्रतिवेदन तयार गरेको नदेखिएकोले नगरपालिकाको सहकारी ऐन बमोजिम वित्तीय प्रतिवेदन माग गर्ने, अनुगमन गर्ने लगायत तोकिएका कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

२३.४

**विघटन र दर्ता खारेजः** नगरपालिका सहकारी ऐन, २०७५ को दफा ६६ (१-६) मा विघटन र दर्ता खारेजीको व्यवस्था रहेको छ। सो व्यवस्थालाई उल्लङ्घन गर्ने २२ वटा सस्थाहरु फरार/ सम्पर्क विहिन अवस्थामा लामो समयदेखि रहेको छन्। यस बारेमा पालिकाले कारबाहीको पहल गरेको देखिएन। तसर्थ नागरिकको बचतको सुनिश्चितता गरी खारेजी र विघटन गरी दर्ता प्रमाणपत्र रद्ध गर्ने प्रकृयामा जानुपर्दछ।

२४ **पुरातात्विक महत्वका मन्दिर निर्माणः**

प्राचीन स्मारक र पुरातत्व सम्वन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरुको संरक्षणको निमित्त बनेको प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र नियमावली, २०४६ बमोजिम प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्र भएका पुरातात्विक महत्वका मठमन्दिर, सत्तल, ढुङ्गेधारा, इनार आदिकको पुनर्निर्माण, जीर्णोद्धार, स्तरोन्नती मर्मत गर्दा पुरातत्व विभागको स्वीकृत लिनुपर्ने तथा यस्तो मर्मत, जिर्णोद्धार गर्दा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्रीको प्रयोग गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष मन्दिरको पुनर्निर्माण गर्न रु.३६०००००.० विनियोजन गरी रु.१९४५१३४.० खर्च गरेको छ। यस्ता पौराणिक महत्वका बाटो पदमार्ग ढलान, कार्यको लागि परीक्षण गरेका भौचरमा संलग्न लागत अनुमान, प्राविधिक नापी तथा उपभोक्ता समितिले पेश गरेका बिल बिजकहरुमा सिमेन्ट प्रयोग हुने आरसिसि, पिसिसि, प्लाष्टर लगायतका कंक्रिटजन्य संरचना निर्माणको लागि भुक्तानी गरेको देखियो। कानूनमा व्यवस्था भए बमोजिम धार्मीक तथा पौराणिक महत्वका सम्पदाहरुको संरक्षण तथा मर्मत गर्दा पौराणिक महत्व झल्कने तथा मौलिक स्वरुपमा परम्परागत निर्माण सामग्री प्रयोग भएको छ भन्ने प्रमाण श्रेस्तासँग संलग्न राखेको छैन। यसबाट धार्मीक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको मौलिकता संरक्षीत हुन नसिकी मौलिकता परिवर्तन हुने देखिन्छ। यस कार्यमा सुधार गरी कानूनमा भएको व्यवस्था बमोजिम कार्य गराउन पालिकाले ध्यान दिनुपर्दछ।

२५ **भूमीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगतः**

यस सम्बन्धमा लेखापरीक्षण अवधिसम्म भएका कार्यहरु देहाय बमोजिम रहेका छन्। पालिकाले उपलब्ध गराएको विवरण अनुसार सम्बन्धित वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन पालिकामा प्राप्त भएको छ।

| **क्र.सं.** | **विवरण** | **घरधुरी संख्या** |
|---|---|---|
| १ | भूमिहिन दलित | १२ |
| २ | भूमिहिन सुकुम्बासी | १५ |
| ३ | अव्यवस्थित बसोबासी | १७२ |
| | **जम्मा निवेदन** | **१९९** |

भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबास गरेका घरधुरी संख्यालाई जग्गाधनी पूर्जा वितरण गर्न पालिकाले कुनै पहल गरेको विवरण पेश भएको छैन। पहिचान भएका भूमिहिन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई उचित व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२६ **सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ।

| क्र.सं | सवारीसाधन | खरिदसंख्या | मूल्य | प्रयोग गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | जीप | ३ | ५३०८८५० | नगरप्रमुख, उप प्रमुख र प्र.प.अ | |
| २ | एम्बुलेन्स | १ | २००८०७४ | | |
| ३ | स्काभेटर | १ | ११९४६९०३ | कार्यालयको व्यवस्थापन तथा संचालन समिति | |
| ४ | ब्याकुलोडर | १ | ४३००००० | कार्यालयको व्यवस्थापन तथा संचालन समिति | |
| ५ | मोटरसाइकल | २७ | ७६८७२९० | कार्यालयमा कार्यरत कर्मचारीहरु | |
| ६ | स्कुटर | ५ | १३६३५१७ | कार्यालयमा कार्यरत कर्मचारीहरु | |
| ७ | कंक्रिटकोर कटिङ मेशिन | १ | ३७००७५ | | |
| ८ | घरजग्गा | ६०-८-०-० | | कार्यालय भवन रहेको र निशुल्क प्राप्त भएको | |

नेपाल सरकार र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको अभिलेख, उपयोग तथा संरक्षणको अवस्थामा घरजग्गा क्षेत्रफल र संख्या ६०-८-०-० को प्राप्ति मिति मूल्य र संख्याको विवरण पेश नभएको, अतिक्रमणमा परेको जग्गा यकिन नभएको, अतिक्रमण हटाउन गरेको प्रयास गरेको देखिएन। भोगचलनमा ल्याएको विवरण प्राप्त भएन। सवारी साधनमा जीप ३ वटा, मोटरसाईकल २७ वटा लगायतका सामानको ऐन नियम कार्यविधिको व्यवस्था अनुसार सम्पत्तिको अभिलेख, उपयोग र संरक्षण गर्नुपर्दछ।

## २७ अनुदान प्राप्ति, उपयोग र फिर्ताः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तण भएको अनुदानमध्ये सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ। संघीय सरकारलाई फिर्ता गर्नुपर्ने रु.५१६७७७३३.० रकम फिर्ता गरेको छ। खर्च हुन नसकेका अनुदान रकमहरु समयमा नै फिर्ता कार्यलाई निरन्तरता दिनुपर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ४३९७५१०००.०० | ३८८९३३७६६.८३ | ५०८१७२३३.१७ |
| | समपुरक | ५५०००००.०० | ४६३९५००.०० | ८६०५००.०० |
| | जम्मा | ४४५२५१०००.०० | ३९३५७३२६६.८३ | ५१६७७७३३.१७ |
| **प्रदेश सरकार** | विशेष | ३००००००.०० | २३३३५००.०० | ६६६५००.०० |
| | समपुरक | ७००००००.०० | ५१०१५००.०० | १८९८५००.०० |
| | जम्मा | १०००००००.०० | ७४३५०००.०० | २५६५०००.०० |
| | **कुल जम्मा** | **४५५२५१०००.००** | **४०१००८२६६.८३** | **५४२४२७३३.१७** |

यस्तै गण्डकी प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४० अनुसार प्रदेश सरकारबाट पालिकालाई हस्तान्तरण भएका उल्लिखित अनुदानहरु मध्ये खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष प्रदेश सरकारबाट प्राप्त रकम पूर्ण रुपमा खर्च गरेको छ।

## २८ आन्तरिक आयतर्फः

२८.१ **केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ८६६८८७७१४.७५ | ९५६६८६१.१३ | १.१० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२८.२ **राजश्व लक्ष्य र असुलीः** पालिकाको आर्थिक वर्ष ०८१।८२ को वार्षिक विकास योजना अनुसार आन्तरिक आयलाई वृद्धि गर्न कर तथा सेवा शुल्कको थप दायराहरु विस्तार गर्दै लगिने, नागरिकहरुमा कर तिर्ने संस्कार निर्माणको लागि कर प्रतिको सचेतना र संवेदनशीलता अभिवृद्धि गरिने उल्लेख गरिएको छ। पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र असुलीको अवस्था देहाय अनुसारको रहेको छ।

रकम रु. हजारमा

| आर्थिक वर्ष ०७९।८० | | | आर्थिक वर्ष ०८०।८१ | | | आर्थिक वर्ष ०८१।८२ | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % |
| ८१५० | ९१४५ | ११२.२१ | १०००० | ८८२९ | ८८.२९ | ९८५० | ९५६६ | ९७.१२ |

विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्थालाई हेर्दा हरेक वर्ष राजश्व सङ्कलनमा उतारचढाव रहेको पाइयो। आफ्नो वास्तविक राजश्व क्षमता पहिचान गरी राजश्व लक्ष्य कायम गर्नेतर्फ पालिकाले आवश्यक ध्यान दिनुपर्दछ।

२८.३ **ढिला राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला नगरी सामान्यतया १ महिनामा १ पटक दाखिला गर्ने गरेको पाइयो। पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनुपर्दछ। पालिकाको भनाई अनुसार कार्यालय र बैङ्क बीचको दूरी तथा भौगोलिक कठिनाईको कारण समयमा नै दाखिला गर्न नसकिएको अवगत भयो। ऐ ऐ ऐनको दफा २८(२) को प्रतिबन्धात्मक वाक्यांशमा तर बैङ्क र कार्यालय बीचको दूरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएमा सोही म्याद बमोजिम गर्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले सरकारी नगदी दाखिला गर्ने म्याद थप चाहिने अवस्था भएमा महालेखा नियन्त्रक कार्यालयमा म्याद थपको लागि अनुरोध गरी सोही बमोजिम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२८.४ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

२८.५ **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको विश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। यसवर्ष राजश्व परामर्श समितिको १ बैठक मात्र बसेको देखिन्छ। विगत ३ वर्षमा हरेक वर्ष राजश्व लक्ष्यको तुलनामा सङ्कलन निकै कम रहेको देखिएको सन्दर्भमा स्थानीय राजश्व परामर्श समितिमा प्रभावकारी छलफल हुन नसकेको देखिन्छ। प्रभावकारी रुपमा स्थानीय राजश्व परामर्श समितिको बैठक बसी पालिकाको राजश्व सङ्कलन अभिवृद्धि गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२८.६

**एम्बुलेन्स सञ्चालनः** फलेवास नगरपालिका वडा नं. ९ मा अवस्थित भंगार स्वास्थ्य चौकी र कार्कीनेटा स्वास्थ्य चौकीमा पालिकाले फलेवास नगरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ द्वारा एम्बुलेन्स दिई सेवा सञ्चालन गरेको पाइयो। यसवर्ष पालिकाले एम्बुलेन्स सेवा सञ्चालनको लागि प्रति एम्बुलेन्स रु.३६६०००.० अनुदान समेत उपलब्ध गराएको भएता पनि एम्बुलेन्स सञ्चालनमा भएको खर्च तथा सोबाट प्राप्त राजश्व सम्बन्धी विवरणहरु पालिकामा उपलब्ध भएको पाइएन। त्यसरी सञ्चालन भएको एम्बुलेन्सलाई पालिका मातहत सञ्चालन हुने गरी व्यवस्थापन गर्नेतर्फ पालिकाले आवश्यक ध्यान दिनुपर्दछ।

२८.७ **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले व्यवसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा यसवर्ष नयाँ दर्ता भएका १०२ समेत २७८ व्यवसाय दर्ता भएकोमा ७४ व्यवसाय नवीकरण भएको छन् भने २०४ व्यवसाय नवीकरण गर्न बाँकी रहेको देखिँदा नवीकरण बापत प्राप्त हुनुपर्ने राजश्व पालिकाले प्राप्त गर्न नसकेको देखिन्छ। पालिकाले आवश्यक अनुगमन साथै करदाता शिक्षा वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै व्यवसाय नवीकरणलाई कार्यलाई प्रोत्साहित गर्नुपर्दछ।

२८.८ **गिट्टी, वालुवा उत्खनन् तथा निकासीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क(१) मा पालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले तयार पारेको वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार ८ स्थानहरुबाट उत्खनन् तथा निकासी गर्न सकिने अवस्था रहेको देखिएको भएता पनि पालिकाले ७ स्थानबाट उत्खनन् तथा निकासी प्रयोजनको लागि सूचना आव्हान गरेको तर ६ स्थानबाट १५५८५.५ घन मिटर उत्खनन् तथा निकासी कार्य गरी रु. ७४१३८७५.० आम्दानी प्राप्त गरेको देखिन्छ। ८ स्थानमध्ये १ स्थानमा पहुँच सडकको समस्या भएको कारण उत्खनन् तथा निकासीको लागि सूचना नै आव्हान नभएको र १ स्थानमा सङ्कलनको लागि आवेदन नै नपरेको पालिकाको भनाई रहेको छ। वातावरणीय प्रभाव मूल्याङ्कन बमोजिम उत्खनन् तथा निकासी गर्न सकिने सबै उपयुक्त स्थानहरुबाट उत्खनन् तथा निकासी गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका निम्नानुसार रहेको छ।

| क्र.स. | स्थान | वार्षिक जम्मा हुने परिमाण घ.मि. | उत्खनन् गर्न सकिने परिमाण घ.मि. | उत्खनन् अवस्था |
|---|---|---|---|---|
| १ | बहालेको पछाडी ज्यामिरे घाट | ३१४९.८ | १८८९.९ | उत्खनन् भएको |
| २ | फलेवास क्याम्पस पछाडीको घाट | ३१४९.८ | १८८९.९ | उत्खनन् भएको |
| ३ | देविस्थान ढिकमुनी | ३४९९.८ | २०९९.९ | उत्खनन् भएको |
| ४ | श्रीकाङ्ग छेस्लाङ्ग | ७३४९.६ | ४४०९.८ | उत्खनन् भएको |
| ५ | लमाय खोला | ४७२.४८ | २८३.५ | सूचना नै नभएको |
| ६ | चिरुवा ढुङ्गाबगर | १०४९.९ | ६३०.० | उत्खनन् भएको |
| ७ | छोरे बगर | १०४९.९ | ६३०.० | आवेदन प्राप्त नभएको |
| ८ | कटुवा बगर | ७७७७.४ | ४६६६.४ | उत्खनन् भएको |

२९ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्य शिक्षण शिकाइ कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । साथै पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनुपर्दछ ।

३० **कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण:**

कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।०८२ को कृयाकलाप नं २.३.१४ मा बुँदा मा स्थानीय नगर शिक्षा योजना तयार गरी कोभिड १९ को कारण असर परेको शिक्षा सिकाई आपुरण तथा द्रत सिकाई योजना कार्यान्वियन गर्ने शिक्षक अभिमुखीकरण, विद्यार्थी परीक्षण तथा मेन्टरिङ्ग जस्ता कार्य संचालन गरी भौचर नं २३६ बाट रु २३३५०८ खर्च गरेकोमा स्थानीय शिक्षा योजना तयार गरी कार्यान्वियन नभएको देखिन्छ ।कार्यविधिले संचालित उत्तिरिक्त सिकाई, उपचारात्मक कक्षाको लागि अभ्यास कक्षा संख्या तथा थप सिकाईका लागि विकास भएको सामग्री संख्या जस्ता प्रगति सूचक तयार गरी सोही अनुसार कार्य भए नभएको प्रगति प्रतिवेदन तयार गरी शिक्षा समन्वय ईकाईमा पेश गरेको देखिएन । अतः कार्यविधिको पलना गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

३१ **निशुल्क पाठ्यपुस्तकः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **४२,३८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **२४,२८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१३** को निर्णयले रू **१७,००६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१८** को निर्णयले रू **२३,३७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३२ **क्याम्पसलाई अनुदानः**

संविधानको अनुसूचीमा संघीयता कार्यान्वयनका सम्बन्धमा तीनै तहका सरकारको कार्यक्षेत्र स्पष्ट उल्लेख गरिएको छ जस अनुसार अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा रहेको छ। पालिकाले संविधानले तोकेको अधिकारक्षेत्रको विपरीत अन्नपूर्ण सामुदायिक क्याम्पस, पर्वत बहुमुखी क्याम्पस तथा शंकरपोखरी बहुमुखी क्याम्पसलाई रु ३८५०००० अनुदान दिएको पाइयो । यसरी अनुदान वितरण गरिएको कार्य गत विगतदेखिको अनुदानलाई निरन्तरता दिएको कार्यालयको भनाइ रहेको छ ।

३३ **दिवा खाजा कार्यक्रमः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,६३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **६,५७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **९,७१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३४ **वढी निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **५,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **स्यानीटरी प्याडः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

३६ **विद्यालय लेखापरीक्षण अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **स्वास्थ्यतर्फः**

कार्यक्रम कार्यान्वयन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको शसर्तमा रु. ६०९४७००० र पालिकाको रु. ४८३२००० सहित रु. ६ करोड ५७ लाख ७९ हजार बजेटका कार्यक्रममा रु. ५ करोड ८५ लाख १५ हजार ५३८ खर्च गरेको देखिन्छ। स्वास्थ्य तर्फ ४५ कार्यक्रम रहेकोमा ८९ प्रतिशत वित्तीय प्रगति सहित कार्यक्रम संचालन भएको छ। तलबी प्रतिवेदन बेगर तलब भत्ता खर्च, किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेँगु नियन्त्रण, मातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभुत स्वास्थ्य सेवाका लागि औषधि खरिद, लगायत ३४ कार्यक्रम संचालन गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन।

३७.१ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद कुल रु.१९८९५१८ बजेट विनियोजन भएको छ।

| खरिद विवरण | खरिद विधि | आपूर्तिकर्ता फर्मको नाम | लागत अनुमान रकम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| औषधि खरिद | eBidding | Super Medicine Suppliers | ८८९८३७.३१ | ८८९८३७.३१ | ८८९८३७.३१ |
| | Direct | Shree S.T Pharmacitical pvt | १११८३४३.०० | १०९९६८०.२८ | १०९९६८०.२८ |
| | | जम्मा | २००८१८० | १९८९५१८ | १९८९५१८ |

पालिकाले १ पटक eBidding र १ पटक Direct(eBidding को मुल्यलाई आधार मानेर) औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मक तवरले खरिद गर्नु पर्दछ। पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधानलाई ध्यान दिनुपर्दछ। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरि पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिन्छ। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

३७.२ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य शाखामा रहेको जिन्सी अभिलेख अनुसार ६ आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र.स. | औषधिको नाम | २०८०/८१ | | | | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्या. | आम्दानी | खर्च | बाँकी | अ.ल्या. | आम्दानी | खर्च | बाँकी |
| १ | Amoxicillin 500 mg Capsule # | १०००० | ४४००० | ५०४०० | ३६०० | ३६०० | ४८०५० | ४९१०० | २५५० |
| २ | Paracetamol 500 mg Tablet # | ४३००० | १५९५०० | १४९३०० | ५३२०० | ५३२०० | १६४००० | १४६२०० | ७१००० |
| ३ | Cetirizine HCl 10 mg Tablet | ० | ४९५०० | ४५३०० | ४२०० | ४२०० | १२३००० | ५०२०० | ७७००० |
| ४ | Ciprofloxacin 0.3% w/w Ear Drops # | ० | १८०० | १५७५ | २२५ | २२५ | २४०० | १४२५ | १२०० |
| ५ | Vitamin B Complex Tablet # | ३२००० | ७४००० | ९८२०० | ७८०० | ७८०० | ८३९५० | ४८९५० | ४२८०० |
| ६ | Salbutamol 4 mg Tablet # | १०००० | ७९००० | ८६००० | ३००० | ३००० | ६६००० | ३०००० | ३९००० |

Amoxicillin 500 mg औषधि आर्थिक वर्ष २०८०।८१ मा ५०४०० क्याप्सुल मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८१।८२ मा ४९१०० क्यापसुल हस्तान्तरण भई केही बढि वितरण भएको छ। त्यस्तै Tab cetrizine १० mg को समेत करिब सोही अनुपातमा वृद्धि भएको छ। Tab Salbutamol 4 mg घटदो रुपमा वितरण भएको छ। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला भएको छ। सो कार्यलाई निरन्तरता दिनुपर्दछ। पालिकाले अवस्था यकिन गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।

३७.३ **आमा बा स्वास्थ्य कार्यक्रम (जेष्ठ नागरिकको घर घरमा स्वास्थ्यकर्मी):** फलेवास नगरपालिकाले नसर्ने प्रकृतिको रोग लाग्न नदिन तथा रोग लागिसकेको बिरामीहरुलाई घरघरमा पुगेर स्वास्थ्य सेवा उपलब्ध गराउन आमा बा स्वास्थ्य कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यक्रम मार्फत पालिकाले विभिन्न प्रकृतिको कार्यक्रमहरु सञ्चालन गरेको छ भने यस कार्यक्रम मार्फत ६३८४ जनाको स्वास्थ्य परिक्षण गरेको जनाएको छ। जसमध्ये १३ प्रतिशतमा रक्तचाप सम्बन्धी समस्या, ५ प्रतिशतमा मधुमेह समस्या, २ प्रतिशतमा कम तौल र १० प्रतिशतमा मोटोपनाको समस्या पाइएको पालिकाले तथ्याङ्क अद्यावधिक गरेको देखियो। यसवर्ष यस कार्यक्रम सञ्चालनको रु. ८

लाख विनियोजन गरी विभिन्न कार्यक्रमहरु सञ्चालन भएको देखिन्छ। यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा आफ्नो आन्तरिक आयलाई समेत आधार मानी कार्यक्रमको उच्च प्रतिफलयुक्त निरन्तरता कायम हुनेगरी सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३७.४ **स्थायीमा करार र ज्यालादारीः** पालिकाले स्थायी प्रकृतिको दरवन्दीमा ज्यालादारी कर्मचारी राखी काम कारबाही गर्न नपाउने व्यवस्था छ। तर पालिकाले यस वर्ष स्वास्थ्य तर्फको दरबन्दीमा ७१ जनामा ५० पदपुर्ति भई २५ जना करारमा रहेका छन। ३ जना स्वास्थ्यकर्मी कार्यक्रम करार रहेका छन। स्थायी दरबन्दी र प्रकृतिको काममा करार कर्मचारी भर्ना गरि गरिएको देखिन्छ। पालिकाले स्थायी कर्मचारी पदपुर्ती गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| पद | दरबन्दी | पदपूर्ति | | रिक्त |
|---|---|---|---|---|
| | | स्थायी | अस्थायी/करार | |
| **मेडिकल अधिकृत** | ० | | १ (छात्रवृती) | ० |
| हेअ, सिअहेव, सिअहेव, अ ज स्वा नि. ज स्वा अ, | १३ | ११ | २ | |
| **प. हे.न.** | १ | १ | 0 | |
| **अ.न.मी.** | २२ | १८ | ६ | ३ जना कार्यक्रम करार |
| **अ.हे.ब.** | २२ | १६ | ३ | |
| ल्या अ | ० | 0 | ३ | |
| **का.स.** | १३ | ४ | ११ | |
| **अन्य (क्षयरोग मुक्त अभियान संयोजक)** | ० | | ० | ० |
| **जम्मा** | ७१ | ५० | २५ | |

३७.५ **पालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरुः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वियन तथा नियमन गर्नु स्थानीय तहको काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेको छ । पालिकाले तयार पारेको तथ्याङ्क अनुसार यसवर्ष देखा परेका प्रमुख १० स्वास्थ्य सम्बन्धी समस्याहरु देहाय अनुसार रहेका छन् । पालिकाले औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद गर्दा सोही समस्याहरुलाई समाधान गर्ने गरी प्राथमिकताको आधारमा खरिद गर्नुपर्दछ ।

| SN | Name of Diseases | Female | Male | Total | Ranking |
|---|---|---|---|---|---|
| १ | (URTI) Cases | ११९९ | १४९५ | २६१४ | १ |
| २ | Injuries-Headache | १०४१ | ६२२ | १६६३ | २ |
| ३ | Gastritis (APD) | ९०६ | ११५० | २०५६ | ३ |
| ४ | ENT Infection-Rhinitis Cases | ८०१ | १३८५ | २१८६ | ४ |
| ५ | Injuries-Cut injuries | ७९० | १३२७ | २११७ | ५ |
| ६ | Fever | ७७६ | ८६५ | १६४१ | ६ |
| ७ | ENT Infection-Acute Tonsilitis Cases | ५५८ | ७१० | १२६८ | ७ |
| ८ | Cough | ५४३ | ८१२ | १३५५ | ८ |
| ९ | Backache(Muskuloskeletal Pain) | ५०० | ६९९ | ११९९ | ९ |
| १० | Hypertension | ४७५ | ४९५ | ९७० | १० |

३८ **अनुदानको अनुगमन मूल्याङ्कन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन तथा बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले यस वर्ष ८ कार्यक्रममा ३ सहकारी संस्था तथा १४६० जना कृषकहरुलाई १ करोड ३२ लाख ९९ हजार विभिन्न कृषि समूह तथा कृषकलाई कृषि तथा पशु विकास लगायतको कार्यक्रममा निम्नानुसार अनुदानमा सामाग्रि तथा विउ उपलब्ध गराएकोमा वितरित सामाग्रि तथा विउ विजन तोकिएको प्रयोजनमा उद्देश्य अनुरुप सदुपयोग भए नभएको सम्बन्धमा एकीकृत रुपमा अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको देखिएन । वितरित अनुदानको अनुगमन मुल्याङ्कन नहुँदा उद्देश्य अनुरुप अनुदान उपयोग भएको सम्बन्धमा यकिन हुन सकिएन । तसर्थ, अनुदान वितरण गर्दा सकभर दर्ता भएको कृषक समूहलाई दिनुपर्दछ तथा वितरित अनुदानको आवधिक रुपमा अनुगमनगरी मूल्याङ्कनगरी प्रतिवेदन तयार गरि बेवसाइट मार्फत सार्वजनिकीकरण गरिनुपर्दछ ।केही उदाहरणः

| सि न | अनुदानको कृयाकलाप | लाभान्वित संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | ३.५/प्रति लिटर दुध अनुदान | ३ सहकारी, १० कृषक | १६५००४५ |
| ३ | अण्डमा आत्मनिर्भर कार्यक्रम | २६३ कृषक | ७१२६५७ |
| ४ | गाई पालन अनुदान | १५ जना कृषक | ३९१००० |
| ५ | ब्राखा पालन कार्यक्रम | १६६ जना कृषक | २३२०६१६ |
| ६ | केरा पकेट विकास कार्यक्रम | ३ फर्म तथा २२ कृषक | १२००००० |
| ७ | यान्त्रिकरण कार्यक्रम | १८४ जना कृषक | ५८००००० |
| ८ | धान,मकै,गहँको उन्नत विऊ वितरण कार्यक्रम | ८०० कृषक | १२२५००० |
| | | | १३२९९३१८ |

३९ **विविध खर्च परीक्षण :**

३९.१ **विविध खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च तथा अतिथि सत्कार शीर्षकबाट रु. २१,८९,०६० खर्च लेखेको छ । बिविध खर्च तथा अतिथि सत्कार गर्दा पालिकाको आन्तरिक स्रोतको अवस्था हेरी मितव्ययिता कायम गरी खर्च लेख्नु पर्दछ ।

३९.२ **ईन्धन खर्च :** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कार्यालय प्रयोजनका लागि रु. २३,७५,००० इन्धन शीर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको पालिकाको आफ्नै मापदण्ड तयार गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल २७ थान, ५ थान स्कुटर, ३ थान हलुका सवारी १ थान एम्बुलेन्स, १ थान एक्साभेटर र १ थान ब्याकहोल्डर थान रहेका छन ।इन्धन खर्चमा पालिकाले हदैसम्म मितव्ययिता अपनाउनु पर्दछ। इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा पूर्ण रुपमा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शि बनाउनु पर्दछ ।

३९.३ **सवारी भाडा :** पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा ३ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । पालिकाले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारी कार्यको लागि सवारि भाडामा रु. १,६४,३५० खर्च गरेको देखियो । नमुना

छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानि पोखरा पालिकाका पदाधिकारी तथा कर्मचारीको लागि सवारी भाडामा लिएको जनाई खर्च लेखेको देखियो । पालिकामा ३ साना सवारी तथा २७ वटा मोटरसाइकल र ४ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ । पालिकाले जनाए अनुसार पालिकामा रहेका सवारी साधनहरु मर्मतमा रहँदा तथा प्रमुख/उपप्रमुख जिल्ला बाहिर कार्यक्रममा व्यस्त हुँदा भाडामा लिई प्रयोग भएको जनाएको छ ।

४० **जिन्सी व्यवस्थापनः**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ । पालिकाले मिति ०८२।७।२७ गते तयार गरेको जिन्सी निरिक्षण प्रतिवेदनमा १ फोटोकपी मेशिन, १५ सिसि टिभि क्यामरा, ४ दराज समेत २३ थान सामाग्रीहरु मर्मत गर्नुपर्ने र १ मोटरसाईकल, १ स्कुटर, ५ डेस्कटप कम्प्युटर, १० ल्यापटप समेत १५१ थान सामाग्रीहरु लिलाम बिक्रि गर्नुपर्ने उल्लेख भएकोमा उल्लेखित जिन्सी मालसामानको मर्मत एवम लिलाम विक्री गर्ने कार्य गरेको देखिएन । पालिकाले नियममा भएको व्यवस्था बमोजिम जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लिखित मालसामानको तोकिएको समयमा लिलाम एवम मर्मत कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४१ **कार्यक्रम खर्च परीक्षण :**

४१.१ **खेलकुद कार्यक्रम :** पालिकाले यस वर्ष विभिन्न खेलकुद कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयर कप खेलकुद प्रतियोगिता समेत सञ्चालन गरी रु.२७५२०८९ खर्च गरेको छ ।वडाबाट र युवा क्लव बाट विभिन्न प्रतियोगितामा आवश्यक सामाग्रीहरु खरिद गरी वितरण गरेको छ । पालिकाले प्रत्येक वर्ष विभिन्न क्लव र वडागत बजेट विनियोजन गरी र क्लव र वडा कार्यालयले खर्च गरिरहेकोमा सो को उपलब्धी मापन गरेको देखियन। वडाले प्रत्येक वर्ष कुन अनुपातमा के कति सामाग्री खरिद गरेको छ सो को अभिलेखीकरण नहुँदा खर्चमा मितव्ययीता तथा प्रभावकारी तवरले खर्च भएको देखिँदैंन ।अत: यस्तो खर्च गर्दा लगत राखी खर्च गर्नुपर्दछ र पालिकाले नै आर्थिक वर्षको लागि आवश्यक सामाग्री यकिन गरी एकमुष्ठ खरिद गरी वडामा सामाग्री वितरण गर्नु प्रभावकारी देखिन्छ ।

४१.२ **पालिका स्तरिय समिक्षा कार्यक्रम:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था रहेको छ । भौ.न.३८ मिति ०८१-६-२० बाट वार्षिक प्रगति समिक्षा कार्यक्रम पालिकाको सभा हलमा सञ्चालन भएको छ। पालिकाले सभाहलमा कार्यक्रम सञ्चालन गर्दा भत्ता लगायतका अन्य सुविधा दिन मिल्ने कार्यविधि तयार गरेको छैन। पालिकाका ७१ जना जनप्रतिनिधि तथा कर्मचारीलाई सहभागी भत्ता बापत रु.७१००० खर्च लेखेको छ । पालिकाकै कर्मचारी तथा जनप्रतिनिधिलाई सहभागी भत्ता दिन मिल्ने व्यवस्था नभएकोमा नियमित काम भित्र पर्ने काम पालिकाकै सभाहलमा सञ्चालन गरी खाजा/नास्ता समेत ब्यवस्था गरेकोमा पुन सहभागी भत्ता भुक्तानी गर्नु औचित्यपूर्ण देखिँदैन । अत: पालिकाले यस्तो किसिमको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४१.३ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **१५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४२ **चालु खर्च परीक्षण :**

४२.१ ( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **२१२,०७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४२.२ **पाठ्यपुस्तक छपाई गरी स्टक राखेको :** सार्वजनिक खरिद ऐन ,२०६३ दफा ४ मा सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्ने उल्लेख छ । साथै सोही ऐनको दफा ५ मा सार्वजनिक निकायले कुनैपनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने र निर्माण कार्यको हकमा बाहेक रु एक लाख भन्दा बढीको खरिद कार्यमा अनिवार्य रुपमा लागत अनुमान तयार गर्नुपर्ने र उपदफा ५(क) अनुसार उक्त लागत अनुमान तोकिएको पदाधिकारीबाट स्वीकृत गराएर मात्र खरिद कार्य गर्नुपर्ने उल्लेख छ ।साथै कुनै सामाग्री खरिद गर्दा स्टक रहने गरी खरिद गर्न नहुने व्यवस्था रहेको छ ।यस पालिकाले उल्लिखित भौचर नं र मिति बाट स्थानीय पाठ्यपुस्तकहरु छपाई गरी खर्च लेखेकोमा निम्नानुसारको पाठ्यपुस्तक ६१६ थान स्टक रहेको पाईएकोले आवश्यकता पहिचान गरी सरकारी खर्चमा मितव्ययिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । उदाहरण-

| भौचर नं./ मिति | विवरण | कुल थान छपाई | स्टक थान | प्रति ईकाइ मूल्य | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| २५३। ०८१-११-२१ | स्थानिय पाठयपुस्तक छपाई कक्षा १ | ५५० | १६५ | १२९ | २१२८५ |
| २५३। ०८१-११-२१ | स्थानिय पाठयपुस्तक छपाई कक्षा २ | ५०० | १२७ | १६७ | २१२०९ |
| २५३। ०८१-११-२१ | स्थानिय पाठयपुस्तक छपाई कक्षा ३ | ४५० | ८८ | १७० | १४९६० |
| २५३। ०८१-११-२१ | स्थानिय पाठयपुस्तक छपाई कक्षा ४ | ५०० | १२९ | १७० | २१९३० |
| २५३। ०८१-११-२१ | स्थानिय पाठयपुस्तक छपाई कक्षा ५ | ५०० | १०७ | १७० | १८१९० |
| | | | | जम्मा | ९७५७४ |

४२.३ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता :** अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ को दफा ९ ले स्थानीय तहलाई शसर्त अनुदान उपलब्ध गराउने ब्यबस्था छ । पालिकाले देहायबमोजिमका बिधालयलाई वित्तीय समानीकरण अनुदानबाट बिधालय सञ्चालन अनुदान रु. ७ ७१००० दिएको पाइयो ।

| क्र.स | विद्यालयको नाम | बजेट स्रोत | भूक्तानी रकम | प्रयोजन | |
|---|---|---|---|---|---|
| १ | राम मा.वि. | आन्तरिक स्रोत | 300000 | निजि स्रोत शिक्षक तलब | |
| २ | जनता प्रा.वि लिमिठाना | समानिकरण अनुदान-गण्डकी प्रदेश | 325000 | निजि स्रोत शिक्षक तलब | |
| ३ | सरस्वती आ.वि. ठानामौला | समानिकरण अनुदान-गण्डकी प्रदेश | 146000 | निजि स्रोत शिक्षक तलब | |
| | | जम्मा | 771000 | | |

४२.४ **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.१,१८,४९,८५० खर्च गरेको देखिन्छ । जुन आन्तरिक आय रु. ९५,६६,८५९ को १२३.८६ प्रतिशत देखियो । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र पदाधिकारी सुविधामा मितव्ययिता कायम गरी खर्च गर्नुपर्दछ ।

४२.५ **विधुर पुरुष तथा एकल महिला भत्ता:** फलेवास नगरपालिका विधुर तथा एकल महिला सामाजिक संरक्षण प्रोत्साहन भत्ता वितरण कार्यविधि,२०७८ तयार पारी रु.१२,००,००० लाख बजेट विनियोजन गरी प्रथम,दोस्रो,तेस्रो र चौथो समेत गरी रु.९,५९,००० रकम लाभग्राहीलाई भुक्तानी गरेको देखिन्छ ।कार्यविधि को दफा २ अनुसार विधुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक संरक्षण प्रोत्साहन भत्ता लाभग्राहीको उमेर हकमा ५० वर्ष पुरा भई ७० वर्ष ननाघेको हुनुपर्ने साथै संघ,प्रदेश र स्थानीय सरकारले उपलब्ध गराउने तलब भत्ता लिएको हकमा दोहोरो सुविधा उपलब्ध हुनेछैन।साथै संघ तथा प्रदेशले दिने सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राही विधुर पुरुष तथा एकल महिलाहरुलाई सामाजिक संरक्षण प्रोत्साहन भत्ता लाभग्राहीको सुचिवाट स्वत: हटनेछ भनि उल्लेख भएकोमा पालिकाले वितरण गर्दै आएको विधुर पुरुष तथा एकल महिला भत्ताको विवरण तथा अभिलेख राखेको देखिएन ।तसर्थ वितरणमुखी कार्य गर्दा कार्यक्रम दोहोरो परे नपरेको यकिन गरी व्यवस्थित अभिलेख राखी आन्तरिक श्रोतलाई समेत ध्यान दिई त्यस प्रकारका भत्तालाई व्यवस्थित गर्नुपर्दछ । छलफलको क्रममा कार्यविधि अनुसार दोहोरो नपर्ने सुनिश्चितता भएर मात्र वितरण गरिएको जनाएको छ ।

४३ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फः**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकाले यसवर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन रु.५०५२००० भएकोमा रु.४६३१८३७ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

४३.१ **कार्यक्रमबाट रोजगारी:** पालिकामा १५२५ जना सुचिकृत रहेकोमा १०३ जनालाई औसतमा ४५.२५ दिनगरी जम्मा ४६६१ दिन रोजगारी दिएको देखिन्छ। यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा मोटरबाटो निर्माण, पदमार्ग निर्माण, नालीको सरसफाई लगायत कार्यहरु गरिएका छन्। सञ्चालन गरिएका कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएता पनि दीर्घकालीन गरोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन। यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

४३.२ **सार्वजनिक सुनुवाई:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेको छ। निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनुपर्छ।

४३.३

**उपलब्धीको समीक्षा:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।

४४ **गरिबी निवारणको लागि लघुउद्यम कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ। पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष रु.१३ लाख विनियोजन भएकोमा रु.११ लाख ६० हजार खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

४४.१ **कार्यक्रम बाँडफाँट**- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन। निर्देशिकाले उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम, प्रविधि हस्तान्तरण, लघु वित्तमा पहुँच तथा बजारीकरण सेवा लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकास कार्यक्रम, प्राविधिक सीप विकास तालिम कार्यक्रम तथा बजारीकरण सेवा गरी चार शीर्षकमा विनियोजन गरी कार्यक्रम सञ्चालन गरेको देखिन्छ। साथै स्तरोन्नतिमा मा २० जनालाई पोतेमाला, १० जनालाई मौरीघारसहित प्रविधि हस्तान्तरण गरिएको छ।

४४.२ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन। अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

४५ **निर्माण कार्यको म्याद थपः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सम्म व्यवस्था छ । यो वर्ष कार्यालयले ७ वटा ठेक्काको सम्झोता गरेकोमा शुरु अवधिको ५० प्रतिशतसम्म थप २ वटा म्याद थप गरेको देखियो । उल्लेखित नियमावलीको नियम १२०(६) मा भएको व्यवस्था अनुसार 50 प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था पालिकामा भएको छैन। यसरी कानुन बाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ । छलफलको क्रममा स्थानीय सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम कार्यपालिकाको निर्णयबाट म्याद थप गरेको पालिकाले जनाएको छ ।

४६ **१० बेड अस्पताल निर्माणः**

यस कार्यका लागि रु. १२५९३१३४५.० लागत अनुपातमा रु ९००२८७२८ मा सम्पन्न गर्ने गरी मिति २०७८।०३।२१ मा Pratistha-Jumli Acharya JV सँग ठेक्का सम्झौता गरेको छ । शुरु सम्झौता बमोजिमको मितिमा निर्माण कार्यसम्पन्न नभएपछि सभाको निर्णयबाट Side Change DPR नै Change गरी म्याद थपको निर्णय गरेको छ । जसमा निर्माण व्यवसायीले म्याद थपको लागि पेश गरेको अद्यावधिक कार्यक्रम समेत पेश गरेको देखिएन । तर लेखापरीक्षण अवधिमा गो भौ ६७४।२०८२।०३।२३ रु.२१५७०४६८।- भुक्तानी भएको छ । हाल सम्म पेस्की १५५००००० लिएको छ । यसको वित्तीय प्रगति २४ प्रतिशत भौतिक प्रगति

३५ प्रतिशत भएको छ । साथै कार्य सम्पादन जमानत मिति सम्म र बिमा अवधि डिएलपी सम्म रहेको छ । ठेक्काका प्रावधानहरु पुर्णरुपमा लागु गर्नुपर्दछ । पालिकाले समयमै निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

४७ **लमाएखोला लिमिठाना ठानामौला सडक स्तरोन्नति सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिका अन्तर्गत ठेक्का लमाएखोला लिमिठाना ठानामौला सडक स्तरोन्ती निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी सुर्यकिरण कन्सट्रक्स ले लागत अनुमान रु १०९९९२९४ भएकोमा ठेक्का सम्झौता कबोल अंक रु ८०१७६३५.१९ (मू.अ.कर समेत) को मिति २०८२।०२।१३ मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०९।१६ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

४७.१ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायीसँग भएको सम्झौता जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायीले प्रत्येक १५ दिनमा निर्माण कार्यतालिका अद्यावधिक राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक १५ दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन । सम्झौताको शर्त बमोजिम निर्माण कार्यतालिका राख्नुपर्दछ । कार्यालयले पेश्की जमानत लिएको छैन । कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने देखिन्छ । साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद मिति २०८३।०४।०८ सम्म रहेको छ ।

४७.२ **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बिमा गराउनुपर्ने व्यवस्था छ । उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म हनुपर्ने उल्लेख छ । सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न समय २०८२।०२।३१ र १२ महिना सम्म रहेको छ । कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधिसम्मको बिमा गराउनुपर्दछ ।

४७.३ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप सम्वन्धी व्यवस्था रहेको छ । यस निर्माण कार्यको म्याद ले एकमुष्ट पालिकाले मिति २०८२।०२।३० सम्म थप भएको देखियो । जग्गा विवाद, वर्षा, लगायतका कारण उल्लेख गरी म्याद थप गरेको भएतापनि उल्लिखित कारणहरुको पुष्टि हुने गरी कागजात संलग्न गरेको देखिदैन । अधावधिक प्रगति विवरण, डेली डायरी नराखी स्ववीवेकीय तवरवाट म्याद थप गर्ने परिपाटिमा नियन्त्रण हुनुपर्दछ ।

४७.४ **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई १० प्रतिशतसम्मको भेरिएशन आदेश सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । नगर कार्यपालिकाको २०८२।१।२६ गतेको बैठकको निर्णय भएको छ । यसमा सडकको लम्बाई १६५ मि बढेको हुँदा Stone Messanary Pinch बढेको पालिकाले जनाएको छ । यसरी सम्झौता रकम रु.८०१७६३५ बाट रु.९४८२२०६ भएको छ । यस्तो कार्य गर्दा समय र लागत दुबैमा वृद्धी हुने देखिन्छ ।

४८ **कार्कीनेटा भुजेलस्वारा भिडावारी सहिदचोक रुगंदी सडक सम्बन्धमाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको

लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिका अन्तर्गत कार्कीनेटा भुजेलस्वारा भिडावारी सहिदचोक रुगंदी सडक निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी सुपरफास्ट निर्माण सेवा बीच कबोल अंक रु ३४३४५२१।- (मू.अ.कर समेत) को मिति २०८२।०२।३० मा काम सम्पन्न गर्ने गरी मिति २०८१।०९।१९ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

४८.१ **अद्यावधिक कार्यतालिकाः** सम्झौताको SCC को GCC 34.1 The contractor shall submit for approval a program for the works within 30 days from the date of the letter of acceptance. उल्लेख भएकोमा कार्यतालिका स्विकृत गराएको प्रमाण पेश भएन । यसैगरी SCC को GCC 34.4 मा The period between program updates is १५ days. The amount to be withheld for late submission of an updated program is NA रहेकोमा अन्तिम बिल भुक्तानी हुदाँसम्म अद्यावधिक कार्यतालिका पेश गरेको नदेखिएकोले सम्झौताको पालना पुर्ण रुपमा गर्नुपर्दछ ।

४८.२ **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई १० प्रतिशतसम्मको भेरिएशन आदेश सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। नगर प्रमुखबाट २०८२।१।२६ गतेको बैठकको निर्णय अनुसार नगरपालिकाको निर्माणाधीन सडकको स्टोन Machinary Wall Pich Sub Base Prime coat Track Coat थप गरी निर्माण कार्य सम्पन्न गर्ने गरी भेरिएशन आदेश जारी गरेको पाईयो । पालिकाको सार्वजनिक खरिद नियमावली १२९(१) ख बमोजिम गरेको देखिन्छ । यस्तो कार्य गर्दा समय र लागत दुबैमा वृद्धी हुने देखिन्छ ।

४९ **ठेक्का नं. PM/W/NCB/01/081-82 Upgrading of Srikang Shiv Chowk Pangrang Ward Karyalaya सम्बन्धमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायीबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस कार्यालय अन्तर्गत ठे.नं. PM/W/NCB/01/081-82 Upgrading of Srikang Shiv Chowk Pangrang Ward Karyalaya निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी फलेवास निर्माण सेवामा लागत अनुमान रु १३९९९२९२ रहेकोमा कबोल अंक रु ९७७२८२३ (मू.अ.कर समेत) को मिति २०८२।०१।३० मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०९।१६ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

४९.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

४९.२ **अद्यावधिक कार्यक्रम:** सम्झौताको GCC 34.1 बमोजिम १५ दिन भित्र अद्यावधिक कार्यक्रम पेश गर्नुपर्ने व्यवस्था भएको र 34.3 मा उक्त कार्यक्रमको व्यवस्था पालना भएको देखिएन । सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

४९.३ **निर्माण कार्यको बिमा:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम रु २० लाख भन्दा बढीको निर्माण कार्यको अनिवार्य बिमा गराउनु पर्ने प्रावधान रहेको छ । त्यस्तै ठेक्का सम्झौताको शर्तको SCC बमोजिम सबै जोखिम वहन गर्ने गरी निर्माण कार्यको बिमा र सामहिक दुर्घटना बिमा गर्नुपर्ने तथा सो कार्यको लागि BOQ मा रु. ६००००।- समेत PS item को रुपमा राखेको छ । हाल मिति २०८२।०१।३० DLP रहेकोमा १ महिना अपुग भएको देखिन्छ। सम्झौता बमोजिम अनिवार्य रुपमा बिमा गर्न लगाउनु पर्दछ ।

४९.४ **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई १० प्रतिशतसम्मको भेरिएशन आदेश सार्वजनिक निकायको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको प्रमुखले तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । नगर कार्यपालिकाबाट २०८२।१।२७ गतेको बैठकको निर्णय अनुसार नगरपालिकाको निर्माणाधीन सडकको स्टोन Massanary Wall Pich थप गरी निर्माण कार्य सम्पन्न गर्ने गरी भेरिएशन आदेश जारी गरेको पाईयो । यसले गर्दा सम्झौता अंक रु ९७७२८२३ बाट रु १०६८००९९ रकम भएको छ । पालिकाको सार्वजनिक खरिद नियमावली १२९(१) ख बमोजिम गरेको देखिन्छ । यस्तो कार्य गर्दा समय र लागत दुबैमा वृद्धी हुने देखिन्छ ।

५० **ठेक्का तथा प्रस्ताव व्यवस्थापनः**

५०.१ **ठेक्का व्यवस्था:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिष्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २ देखि ३० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्मशमा नै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । लागत अनुमनको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणीत गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्मशमा समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | योजनाको नाम | वार्षिक बजेट | ठेक्का नं | खर्च रकम |
|---|---|---|---|---|
| १ | Upgrading of Srikang-Shiva Chowk-Pangrang Ward Karyalaya Road | १४०००००० | PM/W/NCB/01/081-82 | १०२०३०२१.५ |
| २ | Upgrading of Lamaykhola-Limithana-Thanamaula Road | ११०००००० | PM/W/NCB/2/081/082 | ९६०४७०४.८ |
| ३ | Construction of Administrative Building of Phalewas Municipality | हालसम्मको बिलको रकम | | ६८४२१००४.४ |
| ४ | Karkineta Bhujelswara Bhedabari Sahidchowk Rugdi Road | ५०००००० | PM/W/NCB/3/081/082 | ३७५४६५७.४ |
| ५ | Shishuniketan Basic School Truss and Compounding work | ३०००००० | PM/W/NCB/4/081/082 | २३७४२८७.८ |
| ६ | Upgrading of Hatiya Bajar-Chamachha chowk melpokhari ward office road | ५८५७०२६ | PM/W/NCB/5/081/082 | ७९६६७१.० |
| ७ | The construction of 10 beded hospital at Devisthan, Phalewas | हालसम्मको बिलको रकम | NCB/Works/Phalewas/13/077/078 | २१५७०४६८.० |
| | **जम्मा** | | | **११६७२४८१४.९** |

५०.२

**ठेक्का सम्झौताको पालनाः** खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ । यस पालिकाले विभिन्न कामका रु. ११ करोड ६७ लाख २४ हजार ८१५ को खरिद ठेक्का सम्झौताको काम गराउदा बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको देखिन्छ । ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा ३० दिन भन्दा बढि अवधि काम रोकेमा गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वियनमा आएका छैनन् । सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वयन गराउन ठेक्का कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५१ **नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजनाः**

नेपाल सरकारको छनोट भएका १७ मध्ये यस नगरपालिकामा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना कार्यान्वयनको चरणमा रहेको छ । आयोजनाले छनोट गरेका उपआयोजनाहरु श्रममूलक हुनुपर्ने उल्लेख छ भने सञ्चालित उपआयोजनाबाट उच्चतम प्रतिफल प्राप्त हुने खालको हुनुपर्दछ । यस कार्यक्रममा ५ लाख देखि २० लाख भन्दा साना आयोजना छनौट गर्नुपर्ने, सामाग्री ५५ प्रतिशत भन्दा बढी हुन नहुने, टुल्सको लागि २ प्रतिशत, सुरक्षा उपकरणमा १ प्रतिशत तथा प्रशासनिक खर्चमा २ प्रतिशत खर्च गर्ने गरी कार्यक्रम बनाउनु पर्ने छ । पालिकाले यसवर्ष रु ५ करोड ७२ लाख ५३ हजार ३३४ को लागत अनुमानमा ७२ उपआयोजना सञ्चालन गरी रु. ५ करोड ५६ लाख १६ हजार खर्च गरेको छ । यस सम्बन्धी केही आयोजनाहरु अनुसुचीमा रहेको र व्यहोराहरु निम्नानुसार छन् ।

• निर्माण कार्यको गुणस्तर अभिवृद्धि गर्न उपभोक्ता समितिबाट हुने काममा स्पेशिफिकेशन अनिवार्य संलग्न गरी बाटो ढलान तथा ग्याबिन बक्समा ढुँगा भर्ने कार्यमा प्रयोग हुने जि.आई. तार र ढलानको बाटोको गुणस्तर परीक्षण अनिवार्य गराउनुपर्दछ ।

• उपआयोजनामा काम गर्ने कामदार सोही वडाको/पालिकाको भएको सुनिश्चित हुन कामदार अभिलेखमा ठेगाना स्पष्ट हुनेगरी अभिलेख राख्न लगाउनुपर्ने देखिन्छ । छलफलको क्रममा वडाले कामदार सूचिकृत गरेको तथा बेरोजगार व्यक्तिलाईमात्र दिने गरेको जानकारी प्राप्त भएको छ।

• व्यवसायिक र स्वास्थ्य सुरक्षा निर्देशिका अन्तर्गत व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धमा कामदारलाई सहभागी गराएको अभिलेखबाट देखिँदैन भने आयोजना अन्तर्गत काम गर्ने कामदारको सामुहिक बीमा गर्ने व्यवस्था निर्देशिकामा नदेखिएकोले त्यसलाई समेट्नुपर्ने देखिन्छ ।

• पालिकाले श्रममूलक र सार्वजनिक निर्माण कार्यको बारेमा वडा समन्वय तथा अनुगमन समितिलाई अभिमूखीकरण गर्नुपर्ने उल्लेख भएकोमा यसरी अभिमूखीकरण गरेको अभिलेखबाट देखिएन ।

• आयोजना डिजाइनमा टुल्स खरिदको व्यवस्था भएपनि खरिद गरिएको टुल्सहरु वडामा मौज्दात रहेकोबाट कार्यसम्पादन हुने गरेको र आयोजनाले मात्र निर्देशिका संशोधन गर्नसक्ने पालिकाले जनाएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ५१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५२ **उपभोक्त समिति मार्फत कार्यः**

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छ । लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको बिबरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य,कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि रु.१ लाखभन्दा कमको योजना २५, रु. १ लाख देखि पाँच लाख सम्मका योजना १०९, रु ५ लाखदेखि १० लाखसम्मका योजना २८ लगायत १८३ वटा योजनाहरुको रु, ९५४७१५५५ लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा रु. १०५०१८७११ को कार्य जनसहभागिताबाट गरी रु. ९५४७१५६ भुक्तानी भएको बिबरण पेश भएको छ । उपभोक्ता समिति मार्फत भएको कामको विवरण देहाय अनुसार रहेको छ ।

| क्रसं | विवरण | योजनासंख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रु १लाखभन्दा कमको योजना | २५ | १३४६०० | |
| २ | रु १ लाखदेखि पाँच लाखसम्मका योजना | १०९ | ३३३२१४९३ | |
| ३ | रु ५लाखदेखि १० लाखसम्मका योजना | २८ | २१६५८५८२ | |
| ४ | रु १०लाखदेखि ५० लाखसम्मका योजना | २० | ३४७९२४८३ | |
| ५ | रु ५०लाखभन्दा माथिका योजना | १ | ५५६४३९७ | |
| | **जम्मा** | **१८३** | **९५४७१५५५** | |

जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

५२.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालोसूचीमा राखी कारबाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनुपर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारबाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्था मध्ये १० प्रतिशत जनसहभागिता ३ लाखको योजनामा होडिङ बोड लगायतका विषय पालना भएको छ ।

५२.२ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । कार्यालयले आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको १० प्रतिशत रकम ब्यहोर्ने गरी सम्झौता गरेको देखियो । उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ ।

५२.३ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गरेका निर्माण कार्यहरु मध्ये केही बाटो निर्माण, गोरेटो बाटो, सडक ढलान, पूर्वाधार संरक्षण लगायत जटिल निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५२.४ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने गरेको देखिन्छ । योजनाहरुमा सम्बन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो तर कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी गर्नुपर्ने देखिन्छ । उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको नभएको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरी फोटा राख्ने गरेको देखिन्छ । सबैजसो योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिन्छ । तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु हुने गरी कार्य गर्नुपर्दछ ।

५२.५ **कामको नापजाँच र हस्तान्तरणः** सम्झौता अनुसार कम कार्य गर्दा पनि कार्य सम्पन्न/कार्य स्वीकार प्रतिवेदन जारी गरेको छ । लागत अनुमानमा भएको कंक्रिटजन्य कार्य कम गर्ने कार्य पुरा गर्ने गरेको देखियो । सजिलो काम गर्ने र सिमेन्ट छड लगाउने कार्य कम गर्दा पनि पालिकाले भुक्तानी गरेको छ । यसबाट उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याकंन सम्वन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन । योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन । कार्यालयले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ ।

५२.६ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईन्छ । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । परीक्षण गरेको श्रेस्तामा खर्च सार्वजनिकीकरण गरेको छैन । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

५२.७ **हेभी इक्विपमेण्टको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित केही सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले जनाए अनुसार नगरबाट स्वीकृत/ इष्टिमेट बमोजिम काम गरेको र स्थानीय खरिद नियमावलीमा समेत व्यवस्था गरिएको छ ।

५२.८ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सक्ने अवस्था देखिएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । कार्यालयले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

५३ **परामर्श सेवा खरिदः**

